**Siddhartha Bank Ltd.**
Head Office
Hattisar, Kathmandu, Nepal
P.O. Box: 13806
Phone: +977 1 4442919, 4442920
Fax: +977 1 4442921
sbl@siddharthabank.com
SWIFT: SIDDNPKA
www.siddharthabank.com

**Siddhartha Bank**

च.नं. : 33/SH/078/079

मिति: २०७८/०९/०८

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण विभाग,
दरबारमार्ग, काठमाडौं ।

श्री नेपाल राष्ट्र बैंक,
भुक्तानी प्रणाली विभाग,
बालुवाटार, काठमाडौं ।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाडौं

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाडौं ।

**विषय: वार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा, यस बैंकको संचालक समितिको मिति २०७८/०९/०८ गते (तद्अनुसार २३ डिसेम्बर, २०२१), बिहीबार, दिनको ५:३० बजे देखि बसेको ३८६औं बैठकको निर्णय अनुसार मिति २०७८/०९/३० गते हुने बीसौं वार्षिक साधारण सभा गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय भएको व्यहोरा अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०७८ साल पौष ३० गते शुक्रबार (तद्अनुसार १४ जनवरी, २०२२)
स्थान : सिल्भर ओक बैडक्वेट, गैह्रिधारा, काठमाडौं ।
सभा शुरु हुने समय : बिहान ११:०० बजे
उपस्थिति पुस्तिका बिहान ९:०० बजे देखि नै खुल्ला राखिने छ ।

**छलफलका विषयहरु :**

(क) **सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७७/७८ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी सो लाई पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्त सम्मको नाफा नोक्सान विवरण, सोही अवधीको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र तत् सम्बन्धी अनुसूचीहरु पारित गर्ने ।

Siddhartha Bank

३. यस बैंकको सहायक कम्पनी “सिद्धार्थ क्यापिटल लि.” को आ.व. २०७७/७८ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७८/७९ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (बहालवाला लेखापरीक्षक श्री जि.पी. राजबाहक एण्ड कम्पनी, चार्टड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

५. बैंकको चुक्ता पूँजी रु. १०,९६,२२,९९,१९५/- (अक्षरेपी दश अर्ब छयानब्बे करोड बाईस लाख उनानसय हजार एक सय पन्चानब्बे रुपैंया मात्र) को ०.७५ प्रतिशतका दरले रु. ८,२२,१७,२४४/- (अक्षरेपी आठ करोड बाईस लाख सत्र हजार दुई सय चौवालीस रुपैया मात्र) नगद लाभांश (बोनस शेयर कर प्रयोजनका लागि मात्र) प्रदान गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव स्वीकृत गर्ने ।

(ख) **विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजी रु. १०,९६,२२,९९,१९५/- (अक्षरेपी दश अर्ब छयानब्बे करोड बाईस लाख उनानसय हजार एक सय पन्चानब्बे रुपैंया मात्र) को १४.२५ प्रतिशतका दरले हुने रु. १,५६,२१,२७,६३६/- (अक्षरेपी एक अर्ब छपन्न करोड एक्काइस लाख सत्ताइस हजार छ सय छत्तीस रुपैंया मात्र) बराबरको बोनस शेयर जारी गर्ने ।

२. माथि विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गरेका कारण हुने पूँजी वृद्धि लगायतका विषयहरु समावेश गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/थप/परिमार्जन गर्ने ।

३. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

४. संचालक समितिको मिति २०७८ साल वैशाख १४ गते बसेको ३६९औं बैठकले प्रचलित कानून एवं बैंकको नियमावलीको अधिनमा रहि स्वतन्त्र संचालक पदमा ४ वर्षका लागि श्री मिना कुमारी सैंजुलाई नियुक्त गरेकोमा सो नियुक्तिलाई अनुमोदन गर्ने ।

५. संचालक समितिका अध्यक्ष र सदस्यको बैठक भत्ता वृद्धि गरी प्रति बैठक क्रमशः रु. २०,०००/- र रु. १५,०००/- कायम गर्ने ।

६. बैंकले आ.व. २०७७/७८ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५ (१) (ग) ले निर्धारण गरेको सीमाभन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने ।

६. सिद्धार्थ बैंक लि. र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अर्को कुनै उपयुक्त संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा बैंकको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit- DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने र गाभिने तथा प्राप्त गर्ने (Merger and

Acquisition) सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य आवश्यक प्रक्रिया पुरा गरी सो मा हस्ताक्षर गर्ने, लगायत मर्जर तथा एक्वीजिसन सम्बन्धी अन्य आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

(ग) **विविध**

भवदीय,

Siddhartha Bank

..................

लक्ष्मण घिमिरे

कम्पनी सचिव

Siddhartha Bank Ltd.
Head Office
Hattisar, Kathmandu, Nepal
P.O. Box: 13806
Phone: +977 1 4442919, 4442920
Fax: +977 1 4442921
sbl@siddharthabank.com
SWIFT: SIDDNPKA
www.siddharthabank.com

SiddharthaBank

च.नं. : 34/SH/078/079

मितिः २०७८/०९/०८

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण विभाग,
दरबारमार्ग, काठमाडौं ।

श्री नेपाल राष्ट्र बैंक,
भुक्तानी प्रणाली विभाग,
बालुवाटार, काठमाडौं ।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाडौं

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाडौं ।

**विषयः शेयरधनी दाखिल खारेज बन्द (Book Close) गर्ने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा, यस बैंकको संचालक समितिको मिति २०७८/०९/०८ (तद्अनुसार २३ डिसेम्बर, २०२१), बिहीबार, दिन ५:३० बजे देखि बसेको ३८६औं बैठकको निर्णय अनुसार मिति २०७८/०९/३० गते हुने बीसौं वार्षिक साधारण सभा गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय भएको व्यहोरा अनुरोध छ ।

**शेयरधनी दाखिल खारेज बन्द (Book Close) गर्ने**

बैंकको संचालक समितिको निर्णय बमोजिम मिति २०७८/०९/१८ गते (एक दिन) शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने निर्णय गरेको तथा सो मिति भित्र दाखिल खारेज भएका शेयरधनीहरुले वार्षिक साधारण सभामा भाग लिन, मतदान गर्न र बैंकको चुक्ता पूँजी रु. १०,९६,२२,९९,१९५/- (अक्षरेपी दश अर्ब छयानब्बे करोड बाईस लाख उनानसय हजार एक सय पन्चानब्बे रुपैंया मात्र) को १४.२५ प्रतिशतका दरले हुने रु. १,५६,२१,२७,६३६/- (अक्षरेपी एक अर्ब छपन्न करोड एक्काइस लाख सत्ताइस हजार छ सय छत्तीस रुपैंया मात्र) बराबरको बोनस शेयर तथा ०.७५ प्रतिशतका दरले रु. ८,२२,१७,२४४/- (अक्षरेपी आठ करोड बाईस लाख सत्र हजार दुई सय चौवालीस रुपैंया मात्र) नगद लाभांश (बोनस शेयर कर प्रयोजनका लागि मात्र) का लागि योग्य हुने छन् ।

भवदीय,

लक्ष्मण घिमिरे
कम्पनी सचिव

SiddharthaBank

**बोधार्थः**

श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नक्साल, नारायणचौर, काठमाडौं ।